# अखिल नेपाल महिला संघ (अनेमसंघ)

## परिचय

जहानियाँ राणाशासनको अन्त्य लगत्तै अर्थात् २००८ साल फागुन २४ गते अखिल नेपाल महिला संघ (अनेमसं) को स्थापना भएको हो । यो प्रगतिशील, प्रजातन्त्रप्रेमी, देशभक्त नेपाली महिलाहरूको स्वतन्त्र संगठन हो । यो मजदुर, किसान, गृहिणी, विभिन्न पेशामा संलग्न महिला, युवा, विद्यार्थीहरूको नेतृत्वदायी प्रतिनिधित्व रहेको संगठन हो । यो देशभरिबाट १० लाख भन्दा बढि सदस्यता रहेको नेपाली महिलाहरूको सबैभन्दा ठूलो संगठन हो । यसको सञ्जाल देशका ७५ जिल्लाको स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म फैलिएको छ । स्थापनाकालयता यस संगठनले छ वटा राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको छ ।

## अनेमसंघको स्थापनादेखि हालसम्मका अध्यक्ष/ संयोजकहरू

- कामक्षा देवी - संस्थापक अध्यक्ष
- शान्ता मानवी - अध्यक्ष
- अष्टलक्ष्मी शाक्य - अध्यक्ष
- सहाना प्रधान - अध्यक्ष
- विद्यादेवी  भण्डारी - अध्यक्ष
- गोमा देवकोटा - कार्यवाहक अध्यक्ष

- सीता पौडेल - संयोजक-  अनेमसंघ सातौं राष्ट्रिय सम्मेलन आयोजक कमिटी
- थममाया थापा- संयोजक-  अनेमसंघ सातौं राष्ट्रिय सम्मेलन आयोजक कमिटी

## पहिलो सम्मेलन

अनेमसंघको पहिलो सम्मेलन २०४६ साल जेठ ३० र ३१ गते आयोजना गरिएको थियो । कडा भूमिगत रूपमा आयोजना गरिएको सम्मेलन सौहाद्रपूर्ण वातावरण, कमरेडली भावनामा ओतप्रेत भई अनुशासित ढङ्गले सम्पन्न भएको थियो। सम्मेलनले विधान र प्रगति प्रतिवेदन पारित गर्नुका साथै कमरेड अष्टलक्ष्मी शाक्यको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय समिति चयन गरेको थियो ।

## दोस्रो सम्मेलन

दोस्रो सम्मेलन २०४८ साल कात्तिक २८-३० गते खुल्ला वातावरणममा प्रजातान्त्रिक ढङ्गले सम्पन्न भएको थियो । कडा भूमिगत रूपमा काम गरेको संगठन खुल्ला भइसकेपछि कामका क्षेत्रहरू बढेको, एकीकरणबाट आएका महिला नेताहरूलाई ब्यवस्थापन गर्नुपर्ने भएको आदि कारणले २०४८ सालमा नै अनेमसंघको दोस्रो राष्ट्रिय सम्मेलन गरिएको थियो । दोस्रो

सम्मेलनले कमरेड सहाना प्रधानको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय समिति चयन गर्नुका साथै राष्ट्रिय परिषदको पनि निर्वाचन गरेको थियो । दोस्रो राष्ट्रिय सम्मेलनले "सामाजिक सुरक्षा र रोजगार सम्पूर्ण क्षेत्रमा समान अधिकार" भन्ने मूल नारा तय गर्नुका साथै लोगो पास गरेको थियो ।

## तेस्रो राष्ट्रिय सम्मेलन

अनेमसंघको तेस्रो राष्ट्रिय सम्मेलन २०५१ चैत्र ५-७ मा सम्पन्न भएको थियो । तेस्रो राष्ट्रिय सम्मेलन नेकपा (एमाले) का अध्यक्ष तथा पहिलो कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीले उद्घाटन गर्नुभएको थियो । यो सम्मेलनबाट राष्ट्रिय परिषदको गठन, केन्द्रीय समितिले गर्ने वैधानिक व्यवस्था गरेको थियो । तेस्रो सम्मेलनले पनि कमरेड सहाना प्रधानको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय समिति चयन गरेको थियो । तेस्रो राष्ट्रिय सम्मेलनबाट निर्वाचित समितिले राष्ट्रिय महिला आयोगको स्थापनाको मागलाई जोडदार रूपमा उठाएको थियो । यो विषय महिला आयोग स्थापनाको लागि एउटा कोसेढुङ्गा सावित भएको थियो ।

## चौथो राष्ट्रिय सम्मेलन

अनेमसंघको चौथो राष्ट्रिय सम्मेलन एउटा जटिल परिस्थितिमा सम्पन्न भएको थियो । २०५४ साल फागुन २१ गते नेकपा (

एमाले) विभाजित भयो । पार्टी विभाजनले नेकपा (एमाले) लाई सांगठनिक र राजनैतिक जीवनमा ठूलो धक्का लाग्यो । विभाजनले जनवर्गीय संगठनहरू प्रभावित नहुने कुरै भएन । सोही कारण चौथो राष्ट्रिय सम्मेलन आयोजक समिति वनाउने निर्णय गरियो । विसं २०५४ फागुन २६ गते कमरेड विद्यादेवी भण्डारीको संयोजकत्वमा चौथो राष्ट्रिय सम्मेलन आयोजना समिति बन्यो । संगठनलाई फुट र विभाजनको संघारबाट जोगाई चौथो सम्मेलन २०५५ साल पौष ११-१३ गतेसम्म विराटनगरमा सम्पन्न गरिएको थियो ।

## पाँचौं राष्ट्रिय सम्मेलन

माओवादीले सञ्चालन गरेको सशस्त्र गतिविधिले सामान्य जनजीवन कष्टकर बनेको त थियो नै राजनैतिक घटना, परिघटना र दुर्घटनाले देश चौतर्फी सङ्कटको भूमरीबाट गुज्रिरहेको थियो । यस्तो अवस्थामा अनेमसंघका कार्यक्रमहरू प्रभावित नहुने कुरै भएन । तीन पटकसम्म तोकिएको सम्मेलन गर्न नसकिने अवस्था रह्यो । असहज परिस्थितिका बावजुत २०६२ साल मंसिर २१ देखि २५ गतेसम्म अनेमसंघको पाँचौ राष्ट्रिय सम्मेलन काठमाडौंको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजना गरियो । पाँचौ राष्ट्रिय सम्मेलनले १४ बुँदे कार्यक्रमका मिल्दाजुल्दा विषयलाई एउटै विषयमा समेटी अरु नयाँ मुद्धाहरू समेत

समावेश गरी फेरि १४ बुँदे कार्यक्रमलाई नै निरन्तरता दियो र कमरेड विद्यादेवी भण्डारीको अध्यक्षतामा ६८ सदस्यीय केन्द्रीय समिति चयन गर्‍यो ।

## छैठौं राष्ट्रिय सम्मेलन

सशस्त्र द्वन्द्वको अन्त्य भएको, पहिलो संविधानसभामा ३३ प्रतिशत महिला निर्वाचित हुन सफल भएको र अनेमसंघले १४ बुँदे कार्यक्रममा समावेश गरेका धेरै विषयहरू अन्तरिम संविधानमा समावेश गर्न सफल भएको अत्यन्त उत्साह र हर्षोल्लासको वातावरणमा २०६९ साल बैशाखमा छैठौं राष्ट्रिय सम्मेलन पोखरामा सम्पन्न भयो । सम्मेलनले कमरेड विद्यादेवी भण्डारी को अध्यक्षतामा १२५ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्‍यो । छैठौ राष्ट्रिय सम्मेलनले पनि १४ बुँदे कार्यक्रमलाई परिस्कृत गरी समृद्ध बनाई निरन्तरता दियो ।

## ऐतिहासिक पृष्ठभूमि

नेपाली महिलाहरूको स्वतन्त्रता आन्दोलनको आफ्नै गौरवमय इतिहास छ । योगमाया न्यौपानेले सन् १९१३ मा राणा शासनका विरुद्धमा उचाल्नुभएको आन्दोलन नेपाली महिलाहरूको पहिलो सामाजिक, धार्मिक अवरोध थियो । नेपालीहरूको संगठनात्मक राजनीतिक आन्दोलन सन् १९४७ मा नेपाल महिला संगठन ( नेमसं) को गठन भएपछि शुरु भयो । शुरुवातीका दिनहरूमा

नेमसंले निरकुंश राणा शासनको विरोधमा आफ्नो सङ्घर्ष केन्द्रित गर्‍यो । फलस्वरूप, आन्दोलनले महिलाहरूलाई मताधिकार, आंशिक शिक्षा अधिकार दिलायो  र सन् १९५० मा देशव्यापी सल्किएको आन्दोलनले प्रजातन्त्र स्थापना गर्न सफल भयो । यसको केही समयपछि नेतृत्व पंक्तिमा विभिन्न धारहरू देखापर्न शुरु भयो । यसले अन्ततः कामछ्याया देवी बस्नेतको नेतृत्वमा फरक संगठन अखिल नेपाल महिला संघ (अनेमसं) को गठन भयो । अनेमसं जागरण अभियानहरू सञ्चालन गर्ने, महिलाहरूलाई असमानता, अन्याय र सबै खालका भेदभावका विरुद्ध संगठित हुन, एकीकृत गर्न र कटिबद्ध गराउन दत्तचित्त छ ।

सन् १९६०–९० सम्म कायम निरङ्कुश पञ्चायतको कालो युगमा सबै खालका राजनीतिक–सामाजिक क्रियाकलापहरू गर्न गराउन निषेध थियो र तत्कालीन समयमा प्रजातान्त्रिक योद्धाहरूलाई मर्माहत तरिकाले दबाउनेदेखि ज्यानै लिने कार्यहरू हुन्थ्यो । यस्तो कठिन परिस्थितिको परवाह नगरी त्यसबेलाका महिला अधिकारकर्मीहरूले पोखरामा मार्च १, १९८१ मा भेला भई अनेमसंलाई पुनःसंगठन गरी संगठनलाई भूमिगत रूपमा थप सशक्तीकरण गर्न बृहद कार्यक्रमहरू तर्जुमा गर्‍यो । यसै प्रक्रियामा नेपालले पहिलो पटक सन् १९८१ मा ७१ औं “अन्तर्राष्ट्रिय कामकाजी महिलाहरूको दिवस” अनेमसंको

व्यानरमा मनायो । सन् १९९० को संयुक्त जनआन्दोलनपूर्व जुन १२–१३, १९८९ मा अनेमसंले आफ्नो ऐतिहासिक पहिलो सम्मेलन सम्पन्न गर्‍यो । यो सम्मेलनले १९९० को जनआन्दोलनको खाका तर्जुमा गरेको थियो । अनेमसंको पछिल्लो छैटौं राष्ट्रिय सम्मेलन अप्रिल २०–२३, २०१२ मा "निषेध, भागबण्डाको अन्त्यका लागि महिला मैत्री, सहभागी प्रजातन्त्र र एकताको लागि सशक्तीकरण" भन्ने नाराका साथ सम्पन्न भयो ।

## मार्गचित्र

अनेमसंले प्रजातान्त्रिक, समानतापूर्ण र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ, जसले महिला स्वतन्त्रता र लैंगिक समानताको सम्मान गर्दछ ।

## लक्ष्य

अनेमसंको लक्ष्य सम्मानजनक, हिंसारहित, न्यायपूर्ण समाजको स्थापनाका लागि सबै खाले लैंगिक असमानताहरू, महिला विरूद्ध हुने हिंसा र पितृसत्तात्मक सामन्ती सामाजिक–आर्थिक व्यवस्थापनका विरुद्ध नेपाली महिलाहरूलाई गोलबन्द गर्दै लैजानु र सशक्त ढङ्गले प्रतिरोध गर्न सक्षम गराउनु रहेको छ ।

## उद्देश्यहरू

- समाजमा विद्यमान सबै खालका लैंगिक भेदभाव अन्त्यका लागि महिलाहरूलाई राजनीतिक रूपमा सशक्तिकरण गराउने ।
- सामाजिक सद्भाव, राष्ट्रिय एकता र शान्तिको विकास र विस्तारका लागि महिलामैत्री, समावेशी प्रजातन्त्रलाई आत्मसात् गर्दै लैजाने ।
- सामन्ती पितृसत्तात्मक, नवउदारवादी र प्रतिगामी नीति, मूल्य, मान्यता र अभ्यासहरूको विरोध र प्रतिरोध गर्ने ।
- नेतृत्वमा महिलाको पहुँच र सहभागिताको विस्तार र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि राज्यको नीतिगत तहमै महिलाको लागि ३३% आरक्षणलाई राज्यको सबै निकाय, तह र सामाजिक–राजनीतिक क्षेत्रहरूमा अनिवार्य लागू गर्ने ।
- प्रभावकारी महिला आन्दोलनका लागि अन्य जनसंगठनहरूसँग सम्पर्क, समन्वय र भगिनी सम्बन्ध बढाउन सशक्त ढङ्गले लाग्ने ।

  महिला आन्दोलनको थप सुदृढीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूसँग ऐक्यबद्धता र मैत्रीपूर्ण सम्बन्ध आदानप्रदान गर्ने ।

## सूत्रीय कार्यक्रम तथा अभियानहरू

अनेमसंले सन् १९९८ मा सम्पन्न गरेको आफ्नो चौथो ऐतिहासिक राष्ट्रिय सम्मेलनबाट अनुमोदित १४ सूत्रीय कार्यक्रम तथा अभियानहरूलाई अंगिकार गरेको छ। अनेमसंले सन् २०१२ मा आफ्नो छैटौं राष्ट्रिय सम्मेलनबाट निम्न कार्यक्रम तथा अभियानहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ :

## १. पूर्ण सामाजिक रूपान्तरणका लागि कार्यक्रम

अनेमसंको मुख्य लक्ष्य सम्मानजनक समृद्ध समाजको स्थापनाको लागि जनमुखी संघीय गणतान्त्रिक नेपाललाई संस्थागत र सुदृढ गराउनु रहेको छ। 'जनताको बहुदलीय प्रजातन्त्र' लाई आफ्नो मूल सिद्धान्त मान्दै समाजको क्रान्तिकारी रूपान्तरण गर्ने लक्ष्य राखेको छ।

## २. सबै क्षेत्रमा महिलाको प्रतिनिधित्व अभियान

राजनीतिक लगायत सबै क्षेत्रमा महिलाको सहभागिता अझ पनि न्यून रहेको छ। यद्यपि, अन्तरिम संविधानले महिलाहरूको लागि ३३% आरक्षण अनिवार्य गरेको छ। नीति निर्माण गर्नेहरूको अनिच्छा र प्रतिबद्धताको कमीले यसको कार्यान्वयनमा ढिलासुस्ती भइरहेको छ। यसकारण, अनेमसं नयाँ संविधानमा समानुपातिक प्रतिनिधित्व सुरक्षित गर्न सशक्त ढङ्गले लागिरहेको छ।

## ३. भेदभावको विरोध कार्यक्रम

अनेमसंले परिवार, समाज, कार्यस्थल र राज्यका संयन्त्रहरूमा विद्यमान विभेदकारी अभ्यासहरूको विरोध र आवाज बुलन्द गर्दै आएको छ। अनेमसंले विद्यमान विभेदकारी र विरोधाभाषी कानून, ऐन, नियम र नियमावलीहरूको अन्त्यका लागि आफ्ना अभियानहरू केन्द्रित गरेको छ।

## ४. आर्थिक सशक्तीकरण तथा आत्मनिर्भताका लागि कार्यक्रम

सम्पत्ति आर्जनमा महिलाहरूको ठूलो हिस्साको योगदान रहँदै आएको छ। तथापि, सम्पत्तिमा उनीहरूको स्वामित्व र आर्थिक पहुँचलाई बेवास्ता गरिएको छ। यसकारण, अनेमसंले महिलाको सम्पत्ति तथा आर्थिक अधिकारमा पहुँचको सुनिश्चितताको लागि नीतिगत रूपमा आवाज उठाउँदै सशक्त कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## ५. अन्धविश्वास र साँस्कृतिक कुप्रथाहरूको विरोधका कार्यक्रम

धर्म, संस्कृति र परम्पराको नाममा हुने बोक्सी, जातीय तथा लैंगिक छुवाछुत, झुमा, देउकी, वादी, दाइजो, छाउपडी जस्ता विभेदपूर्ण कुप्रथाहरू महिलाको मान र अधिकारको विरोधमा रहेका छन्। यस्ता अमानवीय, सामाजिक कुप्रथाहरूको विरोधमा जागरण र समाजको संस्कृति वैज्ञानिक र प्रगतिशील ढङ्गले गर्न

आवश्यक कानून निर्माणका लागि आवाज बुलन्द गर्न अनेमसं निरन्तर लागिपरेको छ ।

## महिलामाथि हुने उत्पीडन तथा हिंसाको विरोधको अभियान

महिलामाथि भइरहेका हिंसाले हाम्रो समाजलाई त्रशित र भयभित बनाइरहेको छ । यस्तो भयावहको सामान्यकरण, सहनशीलता, मौनता राख्ने संस्कृतिले यस्ता भयावहलाई झनै प्रश्रय दिइरहेको छ । अनेमसंले निरन्तर रूपमा यस्ता अपराधहरूको विरोध अभियानहरू सञ्चालन गर्दै आएको छ। साथै, अनेमसंले हिंसाबाट बचेकाहरूका लागि न्याय, सामाजिक सुरक्षाको सुनिश्चितताको लागि काम गरिरहेको छ। अनेमसंले यस्ता उत्पीडितहरूका लागि न्याय र जीविकाको सुनिश्चितता गर्न राज्य तथा सम्बद्ध निकायहरूलाई लबिङ गरिरहेको छ । साथै, यस्तो अवस्था उन्मूलन गर्न आवश्यक कानूनको तर्जूमा तथा कार्यान्वयन र पारिवारिक कचहरीको अभ्यास गर्न जोडदार माग गरिरहेको छ।

## ७. शिक्षा, साक्षरता र जागरणका लागि कार्यक्रम

महिलाको सशक्तीकरण र उनीहरूको सामाजिक–साँस्कृतिक सुदृढीकरण र गुणात्मक जीवनयापनका लागि शिक्षा प्रमुख पाटो रहेको तथ्यलाई आत्मसात गरेको छ। अनेमसंले स्थापनाकालदेखि नै महिलाको शिक्षामा समान अवसरका लागि माग गरिरहेको छ । अनेमसंले छोरी र महिलाहरूको शिक्षा निःशुल्क गर्न तथा

उनीहरूका लागि महिलामैत्री शैक्षिक वातावरण निर्माणका लागि जोडदार माग गरिरहेको छ ।

## ८. काममा शोषणको विरोध कार्यक्रम

कामकाजी महिलाहरू घर र कार्यस्थलको अनेक जिम्मेवारीहरूबाट थलिएका छन् । झन् कृषि, घरेलु कामदार तथा वैदेशिक रोजगारमा कार्यरत अधिकांश महिलाहरूमाथि अत्यधिक कामको शोषणमा परिरहेका छन् । उनीहरू मजदुर तथा आधारभूत मानवअधिकारबाट बञ्चित रहँदै आएका छन् । महिलाहरू घर तथा कार्यक्षेत्रमा हुने शारीरिक, मानसिक, भावनात्मक, लैंगिक र आर्थिक रूपमा शोषणमा रहेका छन् । यसर्थ, अनेमसं यी सबै खाले शोषण विरोध अधिकार माग गरिरहेको छ ।

## ९. महिलाको स्वास्थ्य तथा प्रजनन् अधिकार

प्रजनन् स्वास्थ्यले महिलाको प्रजनन्को सम्पूर्ण पक्षहरूलाई समेटेको छ तर स्वास्थ्य सेवा र हेरचाहको अभावले महिलाको मृत्युदर, बिरामीपन र उमेर नपुगी गर्भवती हुने अवस्था धेरै रहेको छ । समाजमा व्याप्त परम्परागत लैंगिक भूमिका र त्यसलाई पक्षपोषण गर्ने साँस्कृतिक मान्यता र अभ्यासहरूले छोरी तथा महिलाहरूलाई आफ्नो प्रजनन् प्रणालीबारे निर्णय लिन तथा प्रजनन् अधिकार प्रयोग गर्न बञ्चित गरिरहेको छ । यौन तथा

प्रजनन् स्वास्थ्य अधिकार महिलाहरूको आधारभूत अधिकार रहेकोमा अनेमसं विश्वास गर्दछ । यसकारण, राज्यले सबै महिलाहरूको पहुँचमा स्वास्थ्य सेवा सुपथ मूल्यमा उपलब्ध गराउनु पर्दछ भन्नेमा अनेमसं प्रतिवद्ध छ ।

## १०. गरिबी निवारणका लागि अभियान

महिलाहरूको सामाजिक, साँस्कृतिक र आर्थिक स्तरको कारण धेरै महिलाहरू गरिबीको मापनमुनि रहेका छन् । महिलाहरू गरिबी विषम चपेटामा छन्, जसका कारण अशिक्षा, अज्ञानता, नैराश्यता र आत्महत्याका जोखिमहरू महिलाहरूमा व्याप्त छ । देशभर फैलिएको गरिबीको पछाडिका कारणहरूमा अप्रभावकारी, भ्रष्ट प्रशासन, अन्यायपूर्ण उत्पादन तथा वितरण प्रणाली, कछुवा गतिको आर्थिक वुद्धि, वैदेशिक सहायताको दुरूपयोग, राजनीतिक अस्थिरता, बहिष्कार लगायत विश्वव्यापी बढ्दो तापमान र मौसमको फेरबेदल आदि रहेका छन् । अनेमसंले सरकार र सम्बद्ध पक्षहरूलाई महिला केन्द्रित कार्यक्रमहरू लागू गरेर गरिबी निवारण गर्न लबिङ, पैरवी र दवावमूलक कार्यहरू गर्दैआएको छ ।

## ११. द्वन्द्व पीडित महिला तथा बालबालिकाका लागि कार्यक्रम

नेपाल १० वर्षे माओवादी द्बन्दबाट गुज्रियो । पुरै देश प्रताडित भयो र अझै पनि त्यसका छिटाहरू अनगिन्ती रूपमा समाजमा

व्याप्त छन् । धेरैले सहनै कठिन क्षति र दर्दको सामना गरेका छन्, रोजगारीका लागि धेरैले आफ्नो घरदैलो छाडेका छन्, कैयन्ले देशै छाडी प्रवासमा असुरक्षित रोजगार गर्न बाध्य छन् भने धेरै मानिसहरू देश भित्रै विस्थापित भएका छन् । द्वन्द्वकालमा बलात्कार, हत्या जस्ता जघन्य अपराधहरू भएका छन् , महिला विरोध भएका अपराधहरूमा हत्या, यौनदासी, अनैक्षिक गर्भ आदि रहेका छन् । अनेमसं पीडित र उत्पीडनहरूबाट बाचेकाहरूका समस्याहरूको उचित समाधान UN-SCR-1325 र 1825 अनुसार हुनुपर्ने माग गर्दछ ।

## १२. दिगो शान्ति, मानवअधिकार र प्रजातन्त्रका लागि कार्यक्रम

विद्यमान लम्बिएको संक्रमणकालीन अवस्था (जनआन्दोलन भाग २, २००६) ले मानव अधिकारको बर्खिलाप गरेको छ । जनतामा असुरक्षा व्याप्त छ र सबभन्दा पीडित समुहमा बालबालिका, महिला र जेष्ठ नागरिकहरू रहेका छन् । यसले उनीहरूको जीविकालाई कठिन बनाउँदै परिस्थितिलाई झनै जटिल बनाउँदै लगेको छ । धेरैजना बेरोजगार रहेका छन्, शान्ति,सुरक्षा र अन्य आधारभूत मानव अधिकारहरू कुण्ठित अवस्थामा पुगेको छ । संविधान सभा संविधान नबनाइकन तुहाइएको / भंग गरिएको छ । यस्तो अवस्थामा अनेमसं दीगो शान्ति निमार्ण र जनताहरूको आधारभूत मानवअधिकारको संरक्षण र विस्तारका लागि समावेशी

सहभागिता सहितको संघिय प्रजातान्त्रिक गणातान्त्रिक नेपालको पक्षमा रहेको र त्यसको पैरवी गरिरहेको छ ।

## गतिविधिहरू

अनेमसंले आफ्नो लक्ष्य प्राप्तिका लागि गरेका प्रमुख गतिविधिहरू निम्न रहेका छन् :

- महिला नेतृत्वको विकास र वुद्धिका लागि निरन्तर विभिन्न तहमा शिक्षा र तालिम सञ्चालन गरिरहेको छ ।
- अनेमसंको नेतृत्व तथा कार्यकर्ता पंक्तीले देशभर फैलिएको सञ्जाल मार्फत अहोरात्र महिला विरोध भएका सबै खालका हिंसाहरूको विरोध, निगरानी, त्यसको निवारणका लागि जागरण अभियानमा घरदैलो, र्‍याली, साँस्कृतिक कार्यक्रम, सडक नाटक, पर्चा वितरण, बृहद सभा, कोण सभा गरिरहेका छन् ।
- घरेलु हिंसा विरोधका ऐन, प्रजनन् स्वास्थ्य अधिकार र गर्भपतन अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै सामाजिक सुरक्षा बढाउने अभियानलाई व्यापक गर्ने कार्य गरिरहेको छ ।
- पैत्रिक सम्पत्तिमा अधिकार, महिला विरोध हुने हिंसा, सामाजिक सुरक्षा र रोजगारीका लागि आवश्यक कानून, ऐन, नियम निर्माण गर्न लबिङ तथा पैरवी गरिरहेको छ ।

कोष व्यवस्थापनका लागि अनेमसंले बृहद्ध साँस्कृतिक कार्यक्रम, फिल्म टिकट बिक्री, देउसी भैलो कार्यक्रम, स्थानिय तहको लगानीमा संयुक्त पहलीहरू जस्ता कार्यक्रमहरू गरिरहेको छ ।

सरकारले हस्ताक्षर गरेका CEDAW, BPFA, UNSCR 1325, 1820 र १९९० को प्रवासी तथा निजका परिवारको सम्बन्धमा भएको महासन्धी जस्ता अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको निगरानी र कार्यान्वयनमा पैरवी गरिरहेको छ ।

संगठनको सुदृढिकरणका लागि कमिटीहरूको गठन र व्यवस्थित परिचालन, सदस्यता वितरण, निरन्तर फलोअप, मूल्याङ्कन र स्थानिय तहदेखि राष्ट्रिय स्तरसम्मको खबरदारी गरिरहेको छ ।

सामाजिक रूपान्तरणका लागि कार्यशाला, सेमिनार, बृहद कार्यक्रमहरू, अन्धविश्वास, कुप्रथा, परम्परागत जातमा आधारित भेदभाव, छाउपडी, बोक्सी प्रथा, बालविवाह, बहुविवाहको विरोधका लागि जागराण अभियानहरू सञ्चालन गरिरहेको छ ।

नियमित प्रकाशन, सूचनाको प्रसार र शोध गरिरहेको छ ।

महिलाहरूको आर्थिक आत्मनिर्भरताका लागि संरचानात्मक गतिविधिहरू सञ्चालन जस्तै बचत तथा ऋण परिचालन, सहकारीहरूको सञ्जाल, क्लब, आमा समूह, संयुक्त अर्गानिक

तरकारी खेती, सरकारको सम्बन्धित निकायको समन्वयमा विभिन्न साना उद्यमीहरूका लागि तालिम सञ्चालन आदि गरिरहेको छ ।

महिलाका लागि महिलामैत्री वातावरण र निर्णय तहमा महिला सहभागिता बढाउन सम्बन्धित निकायहरू सरकार, राजनीतिक पार्टीहरू, निजी तथा संस्थागत क्षेत्र, सामाजिक संस्था र प्रतिष्ठानहरूलाई नियमित लबिङ, पैरवी र दवावमूलक कार्यहरू गरिरहेको छ ।

अनेमसंको स्वास्थ्य विभाग मार्फत स्वास्थ्य शिविर, प्रदर्शनी तथा स्वास्थ्य सेवा सहयोग गरिरहेको छ ।

## मुख्य उपलब्धिहरू

- अनेमसंघका तत्कालीन अध्यक्ष विद्यादेवि भण्डारी आज मुलुकको सम्माननीय राष्ट्रपति हुनुभएको छ। ( प्रथम महिला राष्ट्रपति ) यो विषय अनेमसंघका मात्र नभई सम्पूर्ण नेपाली महिलाका लागि गौरवको विषय हो भने अनेमसंघको उपलब्धि मध्ये एक कोशेढुङ्गा हो ।

- आज नेपालमा राज्यको सम्पूर्ण निकायमा महिलाको एकतिहाई सहभागिता सुनिश्चित भएको छ । एकतिहाई

महिलाको सहभागिता सुनिश्चतताको मुख्य भूमिका अखिल नेपाल महिला संघले नै निर्वाह गरेको हो ।

**प्रमुख सफलताहरू**

संयुक्त जनआन्दोलनबाट निरङ्कुश राजतन्त्रको अन्त्य र प्रजातान्त्रिक गणतन्त्रको स्थापनामा अनेमसंको अग्रणी भूमिका छ ।

संयुक्त आन्दोलनको विभिन्न कालमा अनेमसंको अक्षुण्ण नेतृत्वले यसलाई अग्रणी तथा महिला आन्दोलनका लागि विश्वासिलो खम्बा रहेको सावित गरेको छ ।

अनेमसंले महिलाहरूका लागि स्थानीय तहका गाविस र वडा स्तरमा २०% आरक्षण बढाउन सफल भएको छ । यसले ४०,००० महिलालाई स्थानीय तहमा निर्वाचित गराउन सफल भएको छ ।

महिला मन्त्रालय र राष्ट्रिय महिला अयोगको स्थापना भएको छ ।

राजनीतिक पार्टीहरूको विधान र निर्देशिकाहरूमा महिलाको सहभागिता ३३% अनिवार्य गर्दै अनेमसंले महिला शक्ति पार्टीहरूभित्र राख्न सफल भएको छ ।

अनेमसंले सन् १९९८ मा आफ्नो चौथो राष्ट्रिय सम्मेलनबाट पारित १४ सूत्रीय कार्यक्रमहरूलाई सम्बद्ध सबै पक्ष, महिला संगठनहरूको समकक्षी संगठनहरू, राजनीतिक पार्टीहरू र राज्य स्तरमै स्वीकार्य गराउँदै राष्ट्रिय सामूहिक एजेण्डा बनाउन सफल भएको छ ।

व्यवस्थापिकाबाट बेचबिखन विरोध, गर्भपतन अधिकार, वैवाहिक बलात्कार, घरेलु हिंसा अदिका सम्बन्धमा कानुन निर्माण भएको छ ।

विभिन्न कार्यक्रमहरू विभिन्न सञ्जालहरू गर्दै महिलाहरूलाई राजनीतिक रूपमा सशक्त गर्दै महिला अधिकारको सम्बन्धमा जागरण बढेको छ ।

भगनी संस्थाहरूबीच समन्वयको विस्तार गर्दै संयुक्त आन्दोलनको वातावरण निर्माण भएको छ ।

अनेमसंको पहलीमा २०६३ जेठ १६ गते संकल्प प्रस्ताव र अन्तरिम संविधान संसदबाट पारित भयो । जसमा आमाको नामबाट नागरिकता, लैंगिक आधारमा हुने भेदभाव निषेध, प्रजनन् स्वास्थ्य तथा महिला अधिकार, महिला विरोध हुने कुनै पनि शारीरिक मानसिक हिंसा दण्डनीय हुने, पैत्रिक सम्पतिमा समान अधिकार रहेको छ ।

प्रधानमन्त्री कार्यालयमा महिला विरोध हुने हिंसा सुन्न र तत्काल कारवाहीका लागि छुट्टै डेस्कको स्थापना भएको छ ।

संविधान सभामा महिलाहरूको उल्लेखनीय सहभागिताबाट विश्वको ध्यान आकर्षण गराउन सफल भएको छ । यो संभावना ३३% महिला सहभागिताको नीतिले गर्दा नै सम्भव भएको हो ।